## सोवा रिग्पा चिकित्सा प्रवर्द्धन सम्बन्धि कार्यक्रम अन्तर्गत परामर्श सेवा मार्फत आम्ची छनौट सम्बन्धि कार्य विवरण (Terms of Reference)

### १. भूमिका :

नेपालमा हाल प्रचलित चिकित्सा पद्धतिहरुमा एलोपैथिक चिकित्सा प्रणाली, आयुर्वेद चिकित्सा प्रणाली, होमियोपैथिक चिकित्सा प्रणाली, यूनानी चिकित्सा प्रणाली र प्राकृतिक चिकित्सा प्रणालीहरु मुख्य हुन् । यी चिकित्सा पद्धतिहरु नेपाल सरकारद्वारा मान्यता प्राप्त चिकित्सा पद्धतिहरु हुन् । भगवान गौतम बुद्धले बुद्धत्वज्ञान प्रास गरेपछि त्यती बेलामा मानिसहरु बिरामी भएमा के कस्तो अवस्था आउछ र तिनिहरुलाई विभिन्न धार्मिक ग्रन्थका मान्यता अनुसार के कस्तो सदगुण आचरण, व्यवहार र नियमपालनाबाट स्वास्थ्य र सुखी बनाउन सकिन्छ भन्ने कुराको खोजि गर्दै जादा स्वास्थ्य आचरण, रोगव्याधीको लागि हिमाल, पहाड र तराईका उपयोगि जडिबुटी आदिको शुक्ष्म अध्ययन र विश्लेषणबाट करिब ४ वर्षको अध्ययन पश्चात एउटा शोधग्रन्थ को विकास गर्नु भएको र सोही शोधग्रन्थ अनुसार त्यहीबेला देखि बौद्ध र युङड्रुङ बोन धर्मका अनुयायीहरुले जडिबुटीहरुको प्रयोग गरि औषधी उपचार गर्ने गरेको पाइन्छ । नेपालको उत्तरी हिमाली धर्मावलम्वी रहेका र मानव स्वास्थ्य तथा रोग निदान त्यही क्षेत्रमा पाईने जडिवुटीवाट परम्परागत शैलीमा गर्दै आएको पाईन्छ । यही परम्परागत विधिलाई सोवा रिग्पा आम्ची विद्या र यो विद्या दक्ष व्यक्तीहरुलाई आम्ची हिमाली डाक्टर भनिन्छ । सातौं शताब्दी देखि हिमालय क्षेत्रमा आयुर्वेद सँगसँगै सोवा रिग्पा आम्ची विद्या र सोरिग बूम्सी वेद पनि अस्तित्वमा रहेको मानिन्छ । ईतिहास काल खण्डमा लिक्षिविकालीन नेपालकी राजकुमारी भृकुटीसंगको तिवतियन २८ औंरा राजा सोङछेन गोम्पोसंगको विवाह पश्चात उक्त सोवा रिग्पा आम्ची बेद पनि नेपाल बाट तिब्बत आदान प्रदान भएको पनि मानिन्छ ।

स्वास्थ्य सेवाको अन्य उपचार प्रणाली जस्तै सोवा रिग्पा चिकित्सा प्रणालीलाई पनि नेपालको स्वास्थ्य सेवा अन्तर्गतको चिकित्सा प्रणाली मा समावेश गर्ने गरी नेपाल सरकार (तत्कालीन श्री ५ को सरकार) मन्त्रिपरिषद् बाट मिति २०५९।०३।२० गते निर्णय भई मिति २०५९ असार २७ गते को नेपाल राजपत्रमा प्रकाशित भए अनुसार सोवा रिग्पा चिकित्सा लाई अधिकारिक रुपमा नेपालमा स्वास्थ्य सेवामा समावेश गरिएको हो.। नेपालको संविधानको भाग-४ : राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व, धारा ५१. राज्यका नीतिहरू अन्तर्गत उपधारा **ज** मा नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीतिमा नेपालको परम्परागत चिकित्सा पद्धतिको रूपमा रहेको आयुर्वेदिक, प्राकृतिक चिकित्सा र होमियोपैथिक लगायत स्वास्थ्य पद्धतिको संरक्षण र प्रवर्धन गर्ने भन्ने उल्लेख गरिएको छ। राष्ट्रिय स्वास्थ्य नीति २०७६मा आयुर्वेद, प्राकृतिक चिकित्सा, योग तथा होमियोप्याथिक लगायतका चिकित्सा, प्रणालीलाई एकीकृत रूपमा विकास र विस्तार गरिनेछ भनि उल्लेख गरिएकोछ। जनस्वास्थ्य एन २०७५को दफा २ खण्ड (त) समेतमा स्वास्थ्य सेवा अन्तर्गत सोवा रिग्पा चिकित्सालाई परिभाषित गरिएको छ ।

तत्कालिन आयुर्वेद विभाग वि.सं. २०७४ मा वैकल्पिक चिकित्साका अन्य विद्याहरु होमियोप्याथिक चिकित्सा, प्राकृतिक चिकित्सा, अकुपञ्चर चिकित्सा तथा सोवा रिग्पा चिकित्सा समेतको प्रवर्द्धन, विकास तथा नियमनको थप जिम्मेवारी सहित आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभागको रुपमा रुपान्तरित भई कार्य गर्दै आएको छ। आयुर्वेद बाहेक का अन्य वैकल्पिक चिकित्सा प्रवर्द्धन कार्यका लागि यस विभागले वार्षिक रुपमा विभिन्न कार्यक्रमहरु संचालन गर्दै आएको छ । यस विभागको सांगठनिक संरचनामा वैकल्पिक चिकित्सा महाशाखा अन्तर्गत होमियोप्याथिक तथा आम्ची शाखा समेत रहेकोछ। जसमा होमियोप्याथिक चिकित्सक आठौ तह र आम्ची चार तह का एक एक जना जनशक्ति रहने व्यवस्था छ । तर स्वास्थ्य सेवा ऐन र नियमावलीमा सो दरवन्दी उल्लेख नभएकोले जनशक्ति आपूर्ति नभएको अवस्था छ। जसले

नि. महानिर्देशक

सम्बन्धित विद्याको प्रवर्द्धन, विकास, विस्तार तथा नियमनमा कार्यक्रम बनाउन, कार्यन्वयन गर्न अप्ठेरो परेको स्थिति छ ।

वैकल्पिक चिकित्सा विधाका होमियोप्याथिक, प्राकृतिक चिकित्सा, अकुपञ्चर तथा सोवा रिग्पा चिकित्सा प्रवर्द्धनका लागि आ.व. २०८१।०८२ को वार्षिक बजेटमा वैकल्पिक चिकित्सा सुदृढिकरण/प्रवर्द्धन कार्यक्रम राखिएको छ , जस अन्तर्गत बजेट उपशिर्षक नम्बर २.७.२२.२८३३ मा सोवा रिग्पा (आम्ची) चिकित्सा सुदृढिकरण/प्रवर्द्धन कार्यक्रमा रु.७०००००।( अक्षरेपी रु. सात लाख विनियोजन गरिएको छ । वार्षिक बजेट अनुसार तयार पारिएको कार्ययोजनामा समेत सो शीर्षकबाट खर्च हुने गरि परामर्श सेवामा आम्ची छनोट गरिने उल्लेख गरिएको छ । तसर्थ सोवा रिग्पा चिकित्सा सुदृढिकरण/प्रवर्द्धनका लागि विभागको शाखागत कार्य विवरण अनुसार समेत कार्य गर्न सोवा रिग्पा(आम्ची) परामर्श सेवा मा छनौट गरि कार्य गर्न गराउन यो कार्य विवरण तयार गरिएको छ ।

## २. उद्देश्य

- सोवा रिग्पा चिकित्सा सेवा सुदृढीकरण सम्बन्धि कानून, नीति, गुणस्तर तथा मापदण्ड निर्माणमा सहयोग गर्ने ।
- सोवा रिग्पा चिकित्साको विकास र विस्तार सम्बन्धि अल्पकालिन र दीर्घकालिन नीति योजना तयार गर्न सहजिकरण गर्ने र अन्तिम प्रतिवेदन आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभाग समक्ष पेश गर्ने ।
- प्रतिवेदनको निष्कर्षलाई सोवा रिग्पा चिकित्सा सम्बधि नीति निर्माणमा पृष्ठपोषणको रुपमा लिने,
- प्राविधिकहरूका लागि तालिम आवश्यकता पहिचान र कार्यान्वयन गर्ने
- सोवा रिग्पा चिकित्सा क्षेत्रमा अनुसन्धानलाई प्रवर्धन गर्दै अनुसन्धानबाट प्राप्त प्रमाणमूलक व्यवहार वा अभ्यासलाई नीति निर्माण, योजना तर्जुमा, उपचार पद्दति एवं स्वास्थ्य सेवा प्रवाहमा उपयोग गर्न सहजिकरण गर्ने ।

## ३ परामर्श सेवा मार्फत आम्ची छनौटको आवश्यकता

आ.व. २०८१।०८२ को वार्षिक बजेटमा वैकल्पिक चिकित्सा सुदृढिकरण/प्रवर्द्धन कार्यक्रम राखिएको छ , जस अन्तर्गत बजेट उपशिर्षक नम्बर २.७.२२.२८३३ मा सोवा रिग्पा(आम्ची) चिकित्सा सुदृढिकरण/प्रवर्द्धन कार्यक्रमा रु.७०००००।( अक्षरेपी रु. सातलाख विनियोजन गरिएको छ। वार्षिक बजेट अनुसार तयार पारिएको कार्ययोजनामा समेत सो शीर्षकबाट खर्च हुने गरि परामर्श सेवामा आम्ची छनौट गरिने उल्लेख गरिएको छ । तसर्थ सोवा रिग्पा चिकित्सा सुदृढिकरण/प्रवर्द्धनका लागि विभागको शाखागत कार्य विवरण अनुसार समेत कार्य गर्न सोवा रिग्पा(आम्ची) परामर्श सेवा मा छनौट गरि कार्य गर्न गराउन यो कार्य विवरण (Terms of Reference) तयार गरिएको छ ।

## ४ आम्चीले गर्नुपर्ने कार्यहरु एवं कार्यविधि

### ४.१ कार्यविधि

- आम्चीले यस विभागको वैकल्पिक चिकित्सा महाशाखा तथा होमियोप्याथिक तथा आम्ची चिकित्सा शाखाको नियमित सम्पर्क र निर्देशनमा रही तोकिएको समयावधि भित्र निर्दिष्ट कार्य विवरण तथा आवश्यक अध्ययन अनुसन्धान पश्चात विश्लेषण सहित प्रतिवेदन तयार गरी पेश गर्नुपर्नेछ ।

महानिर्देशक

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभाग
टेकु, काठमाण्डौं

- वैकल्पिक चिकित्सा महाशाखा तथा होमियोप्याथिक तथा आम्ची चिकित्सा शाखाको सम्वन्धित अधिकृत तथा पदाधिकारीहरुसंग अग्रिम छलफल, परामर्श गर्नुपर्नेछ ।

४.२ कार्य विवरण :

- सोवा रिग्पा चिकित्सा सेवा सुदृढीकरण सम्बन्धि कानून, नीति, गुणस्तर तथा मापदण्ड निर्माणमा सहयोग गर्ने ।
- सोवा रिग्पा अस्पताल सेवा गुणस्तर सुनिश्चितताका लागि अनुगमन र निरीक्षण कार्यमा सहयोग गर्ने ।
- सोवा रिग्पा चिकित्सा संग सम्बन्धित स्वास्थ्य संस्थाहरु तथा स्वास्थ्यकर्मीहरुको लगत संकलन गने र प्रतिवेदन गर्ने ।
- सोवा रिग्पा चिकित्सा क्लिनिक, उपचार केन्द्र तथा अस्पतालको सेवाको गुणस्तर मापनमा सहयोग र पृष्ठपोषण गर्ने ।
- सोवा रिग्पा चिकित्सा विषयगत प्रस्तुति, सभा, गोष्ठी, सेमिनार वा सम्मेलनको आयोजना कार्यान्वयन मा सहजिकरण तथा आवश्यकतानुसार सहभागिता जनाउने ।
- सोवा रिग्पा चिकित्सा प्रणालीका उपचार विधिलाई अन्य चिकित्सा हेतु संग एकिकृत रुपमा सेवा प्रवाह गर्न आवश्यक प्याकेज तयार गर्ने ।
- सोवा रिग्पा को विकास र विस्तार सम्बन्धि अल्पकालिन, मध्यमकालिन र दीर्घकालिन नीति योजना तयार गर्ने र प्रतिवेदन गर्ने ।
- सोवा रिग्पा चिकित्सा विधा सम्बन्धि अनुसन्धानमूलक कार्यहरूमा सहजिकरण गर्ने ।
- सोवा रिग्पा क्षेत्रमा अनुसन्धानलाई प्रवर्धन गर्दै अनुसन्धानबाट प्राप्त प्रमाणमूलक व्यवहार वा अभ्यासलाई नीति निर्माण, योजना तर्जुमा, उपचार पद्दति एवं स्वास्थ्य सेवा प्रवाहमा उपयोग गर्न सहजिकरण गर्ने ।
- प्राविधिकहरूका लागि तालिम आवश्यकता पहिचान र कार्यान्वयनमा सहजिकरण गर्ने ।

**५. कार्य सम्पन्न पश्चात पेश गर्नुपर्ने अन्य कागजातहरु**

अन्तिम प्रतिवेदन ,Data Set ,Guidelines

**६. परामर्श सेवा अवधि :**

आम्ची छनौट पश्चात यस विभाग र सम्बन्धित आम्ची बिच हुने सम्झौतापत्रमा उल्लेख गरिए बमोजिम हुनेछ र तोकिएको कार्यविधि अनुसार कार्य सम्पन्न गरी प्रतिवेदन बुझाई सक्नुपर्नेछ ।

**७. परामर्शसेवामा छनौट हुने आम्ची को योग्यता र अनुभव :**

- मानसिक तथा शारिरीक रुपले स्वस्थ्य, फौजदारी अभियोग नलागेको नेपाली नागरिक हुनुपर्नेछ ।
- सोवा रिग्पा चिकित्सामा कम्तिमा प्राविधिक एस.ई.ई(कांगजेन्पा) तह उतिर्ण गरेको हुनुपर्नेछ ।
- कम्तिमा १ वर्षको कार्य अनुभव भएको हुनुपर्नेछ ।

**८. परामर्श सेवा अन्तर्गतको आम्चीले अपनाउनुपर्ने कार्यप्रणाली :**

आम्चीले यस विभागद्धारा तोकिएका अधिकृतसँग समन्वयन गरी आफूले जिम्मा लिएको कार्य तोकिएको अवधिभित्र सम्पन्न गर्नुपर्नेछ । यस कार्यका लागि विभागद्धारा तोकिएका अधिकृतले निजको मासिक रुपमा गरेका कार्यहरु सम्पन्न भएको सिफारिस गरेपछि मात्र कार्य सम्पन्न भएको मानिनेछ ।

**९. पारिश्रमिक भुक्तानी व्यवस्था :**

प्र. महानिर्देशक

यस विभागको छनोट समितिले तोकिएको छनोट विधिबाट सफल उमेद्वारलाई द्वयपक्षीय सम्झौता मार्फत तय भए अनुसारको रकम निर्धारित अवधि भरि मासिक रुपमा उपलब्ध गराईनेछ ।पारिश्रमिक रकमका सम्बन्धमा आपसी छलफल मार्फत तय गरिनेछ र अन्य व्यवस्था सार्वजनिक खरिद नियमावली ,२०६४ बमोजिम हुनेछ ।

**१०. छनौट समिति :**

यस विभागद्वारा गठन हुने तपसील बमोजिमको छनोट समितिले नियमानुसार दर्ता भएका निवेदनहरु मध्ये योग्य आम्चीको छनोट गर्नेछ ।

- वैकल्पिक चिकित्सा महाशाखा प्रमुख- संयोजक
- आयुर्वेद चिकित्सा महाशाखा प्रमुख - सदस्य
- उपसचिव, आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभाग-सदस्य
- आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभाग, महानिर्देशकले तोकेका विशेषज्ञहरु (दुई जना) -सदस्य
- लेखा अधिकृत, आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभाग ,सदस्य
- शाखा अधिकृत, आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभाग ,सदस्य
- आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभाग,होमियोप्याथी तथा आम्ची शाखा प्रमुख -सदस्य सचिव

नोट :छनोट समितिले आवश्यकता अनुसार अन्य विज्ञ तथा बाह्य प्रतिनिधिलाई आमन्त्रण गर्न सक्नेछ ।

**११. छनौट समितिको काम, कर्तव्य र अधिकार:**

- यसै अवधारणा पत्रमा उल्लेखित आधारहरु अवलम्वन गरी सूचना प्रकाशित गरि योग्य उम्मेदवारहरु बाट सोवारिगपा चिकित्सा सुदृढिकरण/प्रवर्द्धन सम्बन्धि कार्ययोजना माग गरि प्राप्त प्रस्तावको मूल्यांकन गरि आम्चीको छनौट गरि स्वीकृतिका लागि महानिर्देशक समक्ष पेश गर्ने ।
- समितिले आफुलाई आवश्यक कार्यविधि प्रचलित एन ,कानुनको अधिनमा रही आफै बनाउन सक्नेछ ।

**१२. सूचना प्रवाह :**

परामर्श सेवा मार्फत आम्चीको छनौटको प्रस्ताव आव्हान सम्बन्धि जानकारी आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभागको को सूचनापाटी र वेवसाइटमा राखिनेछ ।

**१३. कार्यक्रम संचालन खर्च:**

बैठक, गोष्ठी, कार्यपत्र प्रस्तुतकर्ता,सहयोगी कर्मचारीहरु र अन्य खर्च अर्थ मन्त्रालयको खर्चको मापदण्ड सम्वन्धी निर्णय तथा कार्यविधि अनुसार खर्च गरिनेछ ।

**१४. विविध**

- यस अवधारणा पत्र अनुसार कार्य गर्दा कुनै दुविधा आएमा आवश्यक व्याख्या आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभाग ले गर्नेछ ।
- यस अवधारणापत्र अनुसार गरिएका विषयहरुमा संशोधन गर्न आवश्यक भएमा दुवै पक्षको आपसी समझदारी बमोजिम हुनेछ ।

महानिर्देशक